# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७५ | काठमाडौं | मंगलबार, २० माघ २०८२ | Prabhab National Daily | Tuesday, 03 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


दाङ–२

## हारको निरन्तरतामा 'ब्रेक' लगाउन पोखरेललाई चुनौती


शंकर पोखरेल


किरणकिशोर घिमिरे


निर्मल आचार्य


वीपिनकुमार आचार्य

- २०५६ यता कहिल्यै संसदीय निर्वाचन जित्न शंकर पोखरेल अक्षम
- पार्टी सत्तामा सफल शंकर जनमत परीक्षणमा जहिल्यै असफल
- यसपटक पनि पराजित भए पार्टीको उत्तराधिकारीमा नैतिक बल कमजोर हुने विश्लेषण

■ **जेबी योञ्जन**

**काठमाडौं–** संसदीय निर्वाचनमा २६ वर्षदेखि लगातार पराजित भएर रेकर्ड बनाएका नेकपा एमालेका महासचिव शंकर पोखरेल यसपटक दाङ–२ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन् । पार्टी सत्ताको केन्द्रमा रहँदै आएका पोखरेलले संघीय निर्वाचनमा भने जनताबाट २०५६ यता प्रत्यक्ष अनुमोदन हुन पाएका छैनन् ।

पार्टीभित्र शक्तिशाली पद सम्हाले पनि मतपेटिकाले अस्वीकार गरेको नेताको छवि उनका लागि ठूलो राजनीतिक बोझ बन्दै गएको छ । त्यही भएर उनले सोमबार चुनावी कार्यक्रममा भने, 'यसपटक नेकपा एमाले र तिनका देशभरका उम्मेदवारहरूलाई जिताउनुपर्छ । एमालेले दिग्विजय हासिल गर्नुपर्छ । विदेशी षड्यन्त्रहरूलाई परास्त गर्नुपर्छ ।'

पोखरेल यसपटक जसरी विजयी हुनेगरी चुनावी अभियानमा छन् । उनी पछिल्लोपटक निर्वाचित भएको वाम गठबन्धनको बलमा लुम्बिनी प्रदेशसभामा २०७४ मा हो । त्यसबेला मुख्यमन्त्री भएर उनले ४२ महिना शासन चलाए । प्रदेश सरकारको नेतृत्व गर्दै उनी प्रशासनिक र संगठनात्मक रूपमा शक्तिशाली बने ।

अध्यक्ष केपी शर्मा ओलीको विश्वासपात्र भएकै कारण उनी दुई कार्यकाल शक्तिशाली महासचिव बनेका छन् । पार्टीभित्र उनी भावी नेतृत्वका मुख्य दाबेदारमध्ये एकका रूपमा हेरिन्छ । तर, पार्टीभित्र सत्ताको शिखरमा पुगे पनि संघीय संसद् प्रवेशका लागि भने उनी पटक-पटक असफल भएका छन् ।

यसले पोखरेललाई 'पार्टी सत्तामा सफल, जनमतमा असफल' नेताको रूपमा चित्रित गरिँदै आएको छ । हुन पनि उनले बेहोरेको हारको शृंखला लामो छ । २०५६ यता पोखरेलको संघीय निर्वाचन यात्रामा हारकै मात्र इतिहास छ । उनी २०५६ मा कांग्रेसका कृष्णकिशोर घिमिरेसँग पराजित भए ।

क्रमशः पृष्ठ २ मा

### पोखरेलका तगारा

दाङ–२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सहमहामन्त्री वीपिनकुमार आचार्य पोखरेलका प्रमुख चुनौतीकर्ता बनेका छन् । पहिलोपटक संसदीय चुनाव लडिरहेका आचार्यलाई 'परिवर्तनको अनुहार'को रूपमा प्रस्तुत गरिएको छ । पुराना दलप्रति बढ्दो असन्तुष्टिको फाइदा उठाउँदै रास्वपाले निर्णायक मत तान्ने रणनीति बनाएको देखिन्छ ।

कांग्रेसका किरणकिशोर घिमिरे, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का निर्मल आचार्यलगायत अन्य उम्मेदवारले प्रतिस्पर्धालाई बहुपक्षीय बनाएका छन् । यहाँ २०७९ मा एमालेका पोखरेल २६ हजार ६८७ मतमा रोकिँदा तत्कालीन माओवादीकी रेखा शर्माले २६ हजार ८८० मत प्राप्त गरेकी थिइन् । समानुपातिकतर्फ भने एमाले पहिलो दल बनेको थियो ।

क्रमशः पृष्ठ २ मा

## गगनको भेट्ने प्रयासमा देउवाको बेवास्ता

- गगनले देउवासँग भेट्नका लागि समय मागे पनि समय पाइरहेका छैनन्
- पूर्वसंस्थापनलाई विश्वप्रकाशको सन्देश– कुनै अलमलमा पर्नुपर्दैन, संसद् पुनर्स्थापना हुँदैन, फागुन २१ मै निर्वाचन हुन्छ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसलाई एकढिक्का देखाउन सभापति गगन थापाले पूर्वसंस्थापन पक्षसँग भेटको प्रयास जारी राखेका छन् । विशेष महाधिवेशनपछि पार्टीभित्र द्विविधा देखिएसँगै पूर्वसंस्थापन पक्षलाई मनाउन थापा लागेका हुन् ।

फागुन २१ गतेको निर्वाचन नजिकिँदा पनि निवर्तमान सभापति शेरबहादुर देउवा, पूर्वउपसभापति पूर्णबहादुर खड्का, धनराज गुरुङलगायत नेताहरू मौन रहँदा कांग्रेस कार्यकर्ता अन्योलमा परेका छन् । जसलाई चिर्न सभापति थापाले धनुषा क्षेत्र नम्बर ४ पुगेर देउवासँग निरन्तर संवाद भइरहेको बताएका थिए । 'म पार्टीका निवर्तमान सभापति, आदरणीय शेरबहादुर देउवासँग निरन्तर संवादमा छु, पार्टीका अरु नेताहरूसँग पनि संवादमा छु । हामीबीच केही कुरामा मतभेद हुन्छ, तर अन्तिममा एकढिक्का हुन्छौं,' शुक्रबार सभापति थापाले भनेका थिए ।

यद्यपि, देउवाको सचिवालयले भने गगनसँग कुनै सम्पर्क नभएको जानकारी दिएको छ । माघ १ गते विशेष महाधिवेशनमार्फत सभापतिमा निर्वाचित गगनलाई पूर्वसभापति देउवाले न त बधाई दिएका छन् न त कुनै संवाद नै । पुस २७ गते गगन पक्षले विशेष महाधिवेशन बोलाएपछि पुस ३० गते अन्तिमपटक गगन र विश्वप्रकाश शर्मा देउवा निवास पुगेका थिए ।

लगत्तै नेपाली कांग्रेसको पूर्वकार्यसमितिले दुई महामन्त्रीलाई पार्टीबाट पाँच वर्षका लागि निष्कासन गर्ने निर्णय गरेको थियो । यता गगन–विश्वले भने गगनको नेतृत्वमा विशेष महाधिवेशनबाट नयाँ कार्यसमिति चयन गर्‍यो । निर्वाचन आयोगले माघ २ गते गगन नेतृत्वको कांग्रेसलाई सदर गर्‍यो ।

यसको विरोधमा सर्वोच्च अदालत पुगेको देउवा कांग्रेसलाई अन्तरिम आदेश दिएन । योसँगै गगन नेतृत्वको केन्द्रीय कार्यसमिति माघ ९ गते केन्द्रीय कार्यालय सानेपा पुगेर पदबहाली गरिसकेको छ । माघ ६ गते गगनको हस्ताक्षरमा कांग्रेसले टिकट वितरण गरिसकेको छ ।

यो अवस्थामा पूर्वसंस्थापन मौन बस्दा कांग्रेसमा ठूलो अन्तरघातको डर छ । यसैका लागि आफूहरूले सभापति थापालाई चाँडोभन्दा चाँडो देउवासँग भेटेर सकारात्मक सन्देश दिन आग्रह गरेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए । 'सभापतिसँग कुराकानी भइसकेको छ । छिटो देउवालाई भेटेर फोटो राखेर देशभर एकताको सन्देश दिनुस् भनेका छौं,' प्रवक्ता चालिसेले भने ।

कांग्रेस नयाँ कार्यसमितिले देउवासँग भेटको प्रयास गरे पनि भेट भने तय भइनसकेको देउवानिकट एक नेताले बताए ।

क्रमशः पृष्ठ २ मा



सुदूरपश्चिममा कमसे कम उहाँ (देउवा) निस्कनुभए हुन्छ भनेर साथ खोजिरहनुभएको छ । पार्टीलाई शून्यतामा त राख्नु भएन नि ! उहाँहरूले केही गर्नुहोला ।

■ **खम्मबहादुर खाती**
नेता, नेपाली कांग्रेस



सभापतिसँग कुराकानी भइसकेको छ । छिटो देउवालाई भेटेर फोटो राखेर देशभर एकताको सन्देश दिनुस् भनेका छौं ।

■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

## निर्माण क्षेत्रका कामदारको सीप प्रमाणीकरण गर्दै मलेसिया

- विदेशी कामदारले आगामी सन् २०३० भित्र सीप प्रमाणीकरण गर्नुपर्ने
- निर्माण सीप क्षमता प्रमाणपत्र (एसकेकेपी) अन्तर्गत मान्यता प्राप्त हुनुपर्ने
- यस वर्ष ५० हजार विदेशी कामदारको प्रमाणीकरण गर्न लक्ष्य

■ **प्रभाव संवाददाता**



*एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर*

**काठमाडौं–** मलेसियामा निर्माण क्षेत्रमा कार्यरत सबै विदेशी कामदारले आगामी सन् २०३० भित्र सीप प्रमाणीकरण गर्नुपर्ने भएको छ । उनीहरूले उक्त अवधिभित्र निर्माण सीप क्षमता प्रमाणपत्र (एसकेकेपी) अन्तर्गत मान्यता प्राप्त हुनुपर्ने व्यवस्था गरिएको हो ।

उक्त प्रमाणपत्र निर्माण उद्योग विकास बोर्ड (सिआइडिबी)द्वारा निष्काशन गरिने मलेसियाली सञ्चारमाध्यमले जनाएका छन् । प्रमाणपत्रले कामदारको सीप त्यहाँका उद्योगका मापदण्डसँग मेल खाने भन्ने पुष्टि गर्ने जनाइएको छ । एसकेकेपी प्रमाणपत्रको शुल्क प्रतिव्यक्ति ६०० मलेसियन रिंगिट पर्ने जनाइएको छ । सो शुल्क पूर्णरूपमा कामदारले व्यहोर्ने प्रावधान राखिएको छ ।

कन्स्ट्रक्सन लेबर एक्स्चेञ्ज सेन्टरका (सिएलएबी)अनुसार २०२५ को डिसेम्बरसम्म देशव्यापीरूपमा निर्माण उद्योगमा करिब छ लाख विदेशी कामदार रहेका थिए । सिएलएबीले विदेशी कामदारको सीप प्रमाणीकरण दर चिन्ताजनक रहेको बताएको छ । उक्त संस्थाका अनुसार सन् २०२४ मा निर्माण उद्योगमा कार्यरत विदेशी कामदारमध्ये केवल पाँच प्रतिशतले मात्र उचित प्रमाणीकरण प्राप्त गरेका थिए ।

सिआइडिबी ऐन १९९४ अन्तर्गत उक्त क्षेत्रमा काम गर्ने विदेशी कामदारका लागि प्रमाणीकरण भएर वैध हरियो कार्ड प्राप्त गर्नु आवश्यक छ । सिएलएबीका अनुसार २०२५ को सेप्टेम्बरदेखि डिसेम्बरसम्म लगभग १० हजार विदेशी कामदारलाई प्रमाणीकरण गरिएको छ ।

मलेसियाको क्लाङ उपत्यकामा देशभरिको विदेशी निर्माण कामदारको कुल संख्याको लगभग आधा कामदार रहेको बताइन्छ । आगामी चार वर्षभित्र यस क्षेत्रका विदेशी कामदारको पूर्णप्रमाणीकरणको लक्ष्य हासिल गर्ने प्रयास गरिने जनाइएको । यस वर्ष ५० हजार विदेशी कामदारको प्रमाणीकरण गर्न लक्ष्य राखेको सिएलएबीको भनाइ छ ।


एसकेकेपी १३औं मलेसिया योजनासँग मेल खाने भएकाले कामदारमात्र नभई ठेकेदार र सरकारलाई पनि फाइदा पुग्ने अधिकारीहरूले जनाएको समाचारमा उल्लेख छ । उक्त योजनाअनुसार सन् २०२६ देखि २०३० सम्मको अवधिमा गतिशील, प्रतिस्पर्धी र दिगो रोजगारी इको सिस्टम सिर्जना गर्ने सरकारको तयारी छ ।

मलेसियाले २०३० सम्म विदेशी कामदारको हिस्सालाई कूल श्रमशक्तिको १० प्रतिशतमा घटाउने लक्ष्य लिएको छ । सो प्रमाणीकरण गरेर मुलुकमा विदेशी कामदारको संख्या र उनीहरूको विशिष्ट सीपको सही तथ्यांक प्राप्त गर्ने सरकारको योजना छ । यसले भविष्यका परियोजनाका लागि अतिरिक्त कामदार ल्याउने आवश्यकता घटाउन मद्दत गर्नेसमेत जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

## निपाह भाइरस संक्रमणको जोखिममा नेपाल

- निपाह भाइरसको अन्तरिम परीक्षण एल्गोरिदम तयार गरिएको, शंकास्पद बिरामी पहिचान, रिपोर्टिङ, आइसोलेसन तथा संक्रमण नियन्त्रणका मापदण्डहरु कडाइका साथ लागू गर्न सबै स्वास्थ्य संस्थालाई स्वास्थ्य मन्त्रालयको निर्देशन



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारतमा निपाह भाइरस संक्रमण पुनः देखिएपछि सम्भावित जोखिमलाई ध्यानमा राख्दै सरकारले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हाल नेपालमा संक्रमण पुष्टि भएको छैन । तर, सीमापार आवतजावत र खुला सीमाका कारण हुने आवागमनले जोखिमपूर्ण भएको नकार्न नसकिने मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सोमबार विज्ञप्ति जारी गर्दै निपाह भाइरसको अन्तरिम परीक्षण एल्गोरिदम तयार गरिएको, शंकास्पद बिरामी पहिचान, रिपोर्टिङ, आइसोलेसन तथा संक्रमण नियन्त्रणका मापदण्डहरू कडाइका साथ लागू गर्न सबै स्वास्थ्य संस्थालाई निर्देशन दिइएको जनाएको छ ।

हाल भारतका केही राज्यहरूमा निपाह भाइरसका नयाँ केसहरू पुष्टि भएपछि दक्षिण एसियाका विभिन्न देशहरूले सीमा तथा विमानस्थलमा निगरानी बढाएका छन् ।

क्रमशः पृष्ठ २ मा



अहिले नै स्थिति गम्भीर होइन, आत्तिनुपर्ने पनि होइन तर सतर्क, सजग र जिम्मेवार बन्न अत्यन्त आवश्यक छ ।

■ **डा. प्रकाश बुढाथोकी**
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

### कसरी सर्छ निपाह भाइरस ?

चिकित्सकहरूका अनुसार निपाह भाइरस मुख्यतः संक्रमित चमेराको र्‍याल, पिसाब वा मलमूत्रले दूषित भएको फलफूल वा खानेकुरा सेवन गर्दा मानिसमा सर्न सक्छ ।

साथै, संक्रमित व्यक्तिको रगत, थुक, पिसाब वा नजिकको सम्पर्कबाट पनि संक्रमण सर्न सक्छ । केही अवस्थामा चमेराबाट सुँगुर हुँदै मानिसमा सरेको उदाहरणसमेत अन्तर्राष्ट्रियरूपमा दर्ता भएका छन् ।

## पृष्ठ १ बाट क्रमशः

### गगनको...

'अहिलेसम्म गगनजीहरूले भेट्नुभएको छैन । उहाँहरू भेट्छु भनेर लाग्नुभएको छ,' ती नेताले भने । गगनले देउवासँग भेट्नका लागि समय मागे पनि समय पाइरहेका छैनन् । माघ ११ गते राष्ट्रिय सभा सदस्यमा निर्वाचित सदस्य खम्मबहादुर खातीले देउवालाई भेटेका थिए । उक्त भेटमा देउवाले निर्वाचनबारे खासै कुराकानी नगरेको तर सुदूरपश्चिम क्षेत्रमा उनको माग रहेको सुनाए । 'सुदूरपश्चिममा कमसे कम उहाँ निस्कनुभए हुन्छ भनेर साथ खोजिरहनुभएको छ । पार्टीलाई शून्यतामा त राख्नु भएन नि ! उहाँहरूले केही गर्नुहोला,' खातीले भने ।

खाती देउवा सरकारमा छँदा महान्याधिवक्ता बनेका थिए । देउवाकै आशीर्वादले उनी अहिले राष्ट्रिय सभा सदस्य बनेका हुन् । देउवाको क्षेत्रमा यसपटक कांग्रेसले नैनसिंह महरलाई उम्मदेवार बनाएको छ । यो क्षेत्रमा देउवापक्षका नेताहरू महरको पक्षमा चुनावी माहोल बनाउन लागिसकेका छन् ।

महरले पनि निवर्तमान सभापति देउवा फागुन पहिलो हप्ता चुनावी कार्यक्रममा डडेलधुरा आइपुग्ने बताए । 'फागुनमा उहाँ आउनुहुन्छ । मेरो कुराकानी भइसकेको छ,' महरले भने ।

पूर्वसंस्थापन सर्वोच्च अदालतको आदेश कुरेर बसेको नेताहरू बताउँछन् । निर्वाचन आयोगले गगन नेतृत्वको कांग्रेसलाई मान्यता दिएसँगै कांग्रेस पूर्वसंस्थापनले कांग्रेसको आधिकारिकता दाबी गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो । तर सर्वोच्चले देउवा पक्षलाई अन्तरिम आदेश दिएन । यतिमात्र हैन पूर्वसंस्थापन पक्षले संसद पुनर्स्थापनाको मागसमेत गर्दै आएको छ । आइतबारमात्र देउवानिकट नेता श्याम घिमिरेले यो मुद्दाको पेसी चाँडो तोक्न भन्दै प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसँग डेलिगेसन जाने प्रयास गरेका थिए । अन्तिममा उक्त डेलिगेसन स्थगित भएको थियो । आज सार्वोच्चले यसको साधारण तारेख रहेको जनाएको छ ।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्मा भने प्रतिनिधिसभा पुनर्स्थापनाको कुनै छनक नरहेको दाबी गरेका छन् । 'कुनै अलमलमा पर्नुपर्दैन, संसद् पुनर्स्थापना हुँदैन, फागुन २१ मै निर्वाचन हुन्छ । अब ३२ दिन समय बाँकी छ, छलफल बहस गर्नको लागि अदालतसँग पर्याप्त समय छैन । हामीले यसो अनुमान लगाउँदा पनि फैसला फागुनको २४-२५ तिर आउँछ । जे आउँछ हामीले स्वीकार्नुपर्छ,' झापा २ स्थित बिर्तामोडमा सोमबार पार्टीको भेलालाई सम्बोधन गर्दै उनले भने ।

उनले पार्टीमा केही समय द्वन्द्व भए पनि विशेष महाधिवेशनपछि पार्टी एकताबद्ध भएर चुनावमा होमिएको जिकिर गरे । सर्वोच्चबाट संसद पुनस्थापना नभए देउवासँगै टिकट नपाएका अरु नेताहरू पनि चुनावी क्षेत्र जाने चर्चा कांग्रेसभित्र रहेको छ ।

देउवा, पूर्णबहादुर खड्का, डा शशांक कोइराला, प्रकाशमान सिंहलगायत नेताहरूलाई आफ्नो क्षेत्रमा उत्रन पार्टीभित्र दबाब पर्न थालेको छ । सुर्खेत-१ बाट निर्वाचित हुँदै आएका खड्काको क्षेत्रमा उनका सहोदर भाइ विष्णुबहादुर खड्काले टिकट पाएका छन् ।

यसैगरी डा. शशांक कोइरालाको क्षेत्र नवलपुर-१ बाट बालकृष्ण घिमिरेलाई टिकट पाएका छन् । काठमाडौं-१ बाट निर्वाचित हुँदै आएका प्रकाशमान सिंहको क्षेत्रमा गगनले यसपटक प्रबल थापालाई टिकट दिएका छन् ।

■■■

### हारको...

२०७० मा कांग्रेसकै बुद्धिराम भण्डारीसँग हारे । २०७९ मा कांग्रेस-माओवादी गठबन्धनबाट चुनाव लडेकी तत्कालीन माओवादी नेतृ रेखा शर्मासँग मात्र १९३ मतले पराजय बेहोरे ।

२०७९ को साँघुरो हारले पोखरेललाई दाङ-२ मा पुनः मैदानमा फर्किन बाध्य बनाएको छ । पार्टी वृत्तमा यो पराजयलाई 'अधुरो बदला'को रूपमा हेरिँदै आएको छ । अब फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचन पोखरेलका लागि साधारण चुनाव होइन । पोखरेलका लागि यसलाई राजनीतिक जीवनकै निर्णायक मोडका रूपमा लिइएको छ । हार दोहोरिए महासचिव पदमा नैतिक दबाब बढ्ने, भावी नेतृत्वको लाइनबाट पछाडि धकेलिने र पार्टीभित्र उनको हैसियत कमजोर बन्ने जोखिम छ ।

एमालेभित्र पोखरेललाई अध्यक्ष ओलीले भावी नेतृत्वका रूपमा अघि सार्दै आएको बुझाइ छ । यही कारण पोखरेलको जित/हारलाई व्यक्तिगतभन्दा पनि ओलीको उत्तराधिकारीको जनमतका रूपमा व्याख्या गरिँदै छ ।

तर, जेन-जी विद्रोहपछि देशभर देखिएको असन्तुष्टि, विद्रोहको क्रममा भएको सरकारी दमन, सार्वजनिक तथा निजी सम्पत्ति जोगाउन नसकिएको आरोप र सरकार ढालिएको घटनाक्रमले एमाले नेतृत्वमाथि गम्भीर प्रश्न उठेको छ । यी सबै घटनाको राजनीतिक असर दाङ-२ को चुनावी मैदानमा प्रत्यक्ष देखिने विश्लेषण भइरहेको छ ।

ओलीका सबैभन्दा विश्वासपात्र पोखरेल भएकाले यो असन्तुष्टिको झड्का सीधै उनको उम्मेदवारीमा पर्न सक्ने आँकलन गरिएको छ । पार्टीभित्रै पनि पोखरेलको जितलाई ओली नेतृत्वको लोकप्रियताको सूचक र हारलाई नेतृत्वप्रतिको अस्वीकारको संकेतका रूपमा लिन थालिएको छ ।

पोखरेलले समृद्ध दाङ र विकसित दाङ निर्माणमा योगदान पुऱ्याएको दाबी गर्दै आएका छन् । उनले आइतबारमात्रै विगतमा उनी मुख्यमन्त्री वा संघीय सरकारको मन्त्री छँदा गरेका कामको फेहरिस्त सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन् । उनले मन्त्रीदेखि मुख्यमन्त्री हुँदासम्ममा दाङको घोराहीमा लुम्बिनी प्रदेशको स्थायी राजधानी बनाउने नेतृत्वदायी भूमिका निर्वाह गरेको दाबी गरेका छन् । दाङको पूर्वाधार र स्वास्थ्य क्षेत्रमा सुधार गरेकोदेखि जिल्लामा उच्च प्राविधिक शिक्षालयको जग तयार गरेको बताउने गरेका छन् ।

अब निर्वाचन जिते भने लमही-घोराही-तुलसीपुर चार लेनको सडक सम्पन्न गर्ने र तुलसीपुर विमानस्थलको क्षेत्र विस्तार गर्ने र ३५० बिघा जग्गामा औद्योगिक क्षेत्र विकास गर्ने बताएका छन् । दाङका युवालाई विनाधितो ऋणदेखि सिँचाइका लागि कृत्रिम जलाशय निर्माण गर्ने भन्दै पोखरेलले मतदातासँग मत मागेका छन् ।

■■■

### पोखरेलका...

यसपटक विप्लव नेतृत्वको नेकपा माओवादीले उम्मेदवारी नदिई एमालेलाई समर्थन गरेको छ । जनार्दन शर्मा संरक्षक रहेको प्रगतिशील लोकतान्त्रिक पार्टीसँगको सहमतिले पोखरेल पक्षलाई मनोवैज्ञानिक बल दिएको छ । एमालेले यिनै समर्थनका आधारमा चुनावी गणित आफ्नो पक्षमा जाने दाबी गरिरहेको छ ।

तर, कांग्रेस र एमालेप्रति बढ्दो वितृष्णा, आन्तरिक असन्तुष्टि र रास्वपाप्रतिको आकर्षणले यो गणित उल्टिन सक्ने जोखिम पनि उत्तिकै रहेको टिप्पणी भइरहेको छ ।

■■■

### निर्माण क्षेत्रका...

कुनै परियोजनाका लागि इँटा बोक्ने या वा कंक्रिट तयार गर्नेजस्ता कामदार आवश्यक परे पनि परियोजनाको सुरुदेखि अन्त्यसम्म ती श्रमिक आवश्यक नपर्ने अवस्था आए उनीहरूलाई अन्य परियोजनामा नियुक्त गर्न सकिने योजनामा भनिएको छ । यसबाट दीर्घकालीनरूपमा विदेशी कामदारमाथिको निर्भरता घटाउन सक्ने जनाइएको छ ।

विभिन्न परियोजनाका ठेकेदारले पनि मान्यता प्राप्त गर्ने प्रणालीले कामदारको स्तर सुधार्न र उनीहरूलाई प्रतिस्पर्धात्मक बनाउन सहयोग पुऱ्याउने जनाएका छन् । यद्यपि, सुरुआती चरणमा यसमा मिश्रित प्रतिक्रिया आएको थियो । एकैचोटि मान्यता दिने प्रक्रिया सम्पन्न हुने भएकाले आफ्नो काममा असहजता हुनेमा उनीहरूको चासो रहे पनि यसले कुनै पनि परियोजनामा असर नपर्ने भनिएको छ ।

मलेसियामा करिब चार लाख नेपाली वैधानिकरूपमा काम गरिरहेको बताइन्छ । हावापानी, आकर्षक पारिश्रमिकजस्ता कारणले गर्दा नेपाली श्रमिकहरू मलेसिया जान रुचाउँछन् । पछिल्लो समय मलेसियाको मागपत्रमा कमी आउँदा श्रम स्वीकृति नवीकरण गरेर जानेहरू बढेका छन् । आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार १८७ जना रोजगारीका लागि मलेसिया गएका थिए । जसमध्ये नौ हजार ९७७ जना संस्थागत, २४२ जना व्यक्तिगत, ३८ हजार ९६८ जना पुनः श्रम स्वीकृति लिएर गएका हुन् ।

■■■

### निपाह...

विश्व स्वास्थ्य संगठनले क्षेत्रीय तथा विश्वव्यापीरूपमा निपाह भाइरसको जोखिम हाललाई न्यून रहेको मूल्यांकन गरे पनि नेपाल सरकारले पूर्वतयारी र सतर्कतालाई प्राथमिकता दिएको जनाएको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता तथा स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख डा. प्रकाश बुढाथोकीका अनुसार मन्त्रालयले प्रदेश तथा स्थानीय तहसम्म स्वास्थ्य सतर्कता सर्कुलर पठाइसकेको छ ।

'अहिले नै स्थिति गम्भीर होइन, आत्तिनुपर्ने पनि होइन तर सतर्क, सजग र जिम्मेवार बन्न अत्यन्त आवश्यक छ,' उनले प्रभावसँग भने ।

उनका अनुसार निपाह भाइरस उच्च मृत्युदर हुने गम्भीर भाइरल संक्रमण भएकाले ढिलो पहिचान भए जोखिम बढ्ने भएकाले प्रारम्भिक लक्षण देखिनासाथ स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्ने हुन्छ । मन्त्रालयले विशेषगरी सीमावर्ती जिल्लाहरू, ठूला अस्पतालहरू र रेफरल सेन्टरहरूलाई उच्च निगरानीमा राख्न निर्देशन दिएको छ ।

स्वास्थ्य मन्त्रालयले फलफूल राम्ररी पखालेर मात्र खान, तरकारी राम्रोसँग पकाएर खान, सफा र सुरक्षित पानी उमालेर मात्र पिउन, जनावरका गोठ तथा फार्म सफा राख्न र मासु काट्दा पञ्जा र मास्क प्रयोग गर्न निर्देशन जारी गरेको छ । साबुन पानीले नियमित हात धुन र भीडभाडमा जाँदा मास्क प्रयोग गर्न पनि भनिएको छ ।

निपाह भाइरस संक्रमणमा प्रारम्भिकरूपमा ज्वरो आउने चिकित्सकहरूले बताएका छन् । यससँगै टाउको दुख्ने र मांसपेशी दुख्ने पनि हुन्छ । खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, चक्कर लाग्ने, बान्ता हुनेजस्ता लक्षण देखिन सक्छन् । गम्भीर अवस्थामा मस्तिष्कमा असर (इन्सेफलाइटिस) भई होस हराउने, झट्का लाग्ने र मृत्युसम्मको जोखिम हुन सक्छ ।

मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार निपाह भाइरससँग मिल्दोजुल्दो कुनै पनि लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा १११५ नम्बरमा तुरुन्त सम्पर्क गर्न आग्रह गरिएको छ ।

स्वास्थ्य मन्त्रालयले हाललाई नेपालमा निपाह भाइरसको जोखिम न्यून भए पनि क्षेत्रीय अवस्था हेर्दा सावधानी नै सबैभन्दा ठूलो सुरक्षा भएको स्पष्ट पारेको छ । मन्त्रालयका अनुसार आवश्यक परे थप परीक्षण क्षमता विस्तार, सीमामा स्वास्थ्य निगरानी कडाइ र अस्पतालहरूमा विशेष तयारी योजना पनि लागू गरिने छ ।

# नेपालमा बोलिने सबै भाषा हाम्रा सम्पत्ति हुन्ः प्रधानमन्त्री



**काठमाडौं (प्रस)**– प्रधानमन्त्री सुशीला कार्कीले नेपालमा बोलिने भाषाहरू हाम्रा सम्पत्ति भएकाले तिनलाई मर्न दिन नहुने बताएकी छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भाषा आयोगले तयार पारेका दुईवटा फरक-फरक विषयका अध्ययन प्रतिवेदन सोमबार ग्रहण गर्दै उनले भाषा संरक्षणका लागि सम्बद्ध सबैले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिइन् ।

आयोगका अध्यक्ष डा. गोपाल ठाकुरको नेतृत्वमा आएको आयोगको प्रतिनिधिमण्डलले मातृभाषा शिक्षासम्बन्धी प्रतिवेदन र अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजना कार्यान्वयनसम्बन्धी प्रतिवेदन प्रधानमन्त्री कार्कीसमक्ष पेस गरेको थियो ।

प्रतिवेदन ग्रहणपछि प्रधानमन्त्री कार्कीले भनिन्, 'हाम्रो देशमा १२४ वटा भाषा छन्, यी सबै हाम्रा सम्पत्ति हुन् । यीमध्ये कतिपय भाषा लोप हुन लागेका छन्, त्यसैले कुनै पनि भाषा मर्न दिनुहुँदैन । प्रत्येक भाषा उत्तिकै महत्त्वपूर्ण छन् ।' उनले भाषाको जगेर्ना गर्न यस खालका अध्ययन अनुसन्धान भइरहनुपर्ने धारणा पनि राखिन् ।


## माइग्रेसन हरायो

**मिति २०८२/०९/२८ गते काठमाडौंको हलचोकदेखि कलंकीतर्फ जाने क्रममा स्वयम्भु आसपासको क्षेत्रमा हेमन्त खड्काको राष्ट्रिय परिक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा ९७४६४५९३६३ मा सम्पर्क गरिदिनुहोला ।**

**राष्ट्रिय परिक्षा बोर्ड दर्ता नम्बर : ७९३२७०५१०३०८**
**माइग्रेसन नम्बर : १००७३९९**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।१०।०८ गते काठमाडौं जिल्ला, तिनकुने आलोक नगरमा पार्किङ गरी राखिएको अवस्थामा कालो/निलो रङ्गको मोडल बजाज पल्सर १४९.५ सी.सी मोटरसाइकल अन्दाजी दिनको १:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : जनक चौलागाई**
**बाइक नं.: बा.प्र. ०२-०५३ प ११८५**
**च्यासिस नं.: MD2A11CX0RPF62109**
**इन्जिन नं. : DHXPRF65510**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं. ९८४११५२१७३**

## साल गोलिया काठ बिक्री सम्बन्धी सूचना

***दोस्रो पटक प्रकाशित मिति २०८२/१०/२० गते***

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८०/८१ मा यस सामुदायिक वनक्षेत्रबाट अबैध रूपमा कटान मुछान गरेको बेवारिसे काठ बरामद गरी समूहको घाटगद्दी कटारी न.पा. ८ मा राखेको साल गोलिया थान ३० को २७०.२० क्यू.फि. काठ समूह बाहिर बिक्री गर्नुपर्ने भएकोले काठ खरिद बिक्री गर्न दर्ता भएको संस्था/चिरान सःमिलहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बोलपत्र फारम खरिद गरी दाखिला गर्न सूचना प्रकाशन गरिएको हो । पूर्ण व्यहोराको सूचना समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मौरीढुंगा सामुदायिक वन उपभोक्ता समूह**
**कटारी न.पा.८, उदयपुर**

## NOTICE

I Subham Jain [Z8069253], S/o Sushil Kumar Jain and Hema Jain, R/o 2nd Floor, A1/147, Inderpuri, New Delhi, 110012 India / 86/20, Bhagwati Marg, Kuleshwor, Kathmandu, Nepal and Ishita Agarwal [T9107802], D/o Sangeeta Agarwal R/o 120, Near Madhuri Nursing Home, Kanta Toli Chowk, Ranchi, Jharkhand 834001 India / 86/20, Bhagwati Marg, Kuleshwor, Kathmandu, Nepal have got married at Goa, India on 18th November 2025 as per Indian traditions. Since, then we have been living as Husband and Wife. We have published this notice for Registration of our Marriage at Embassy of India, Kathmandu. If anyone has any objection to the marriage, he/she can contact +977-9851107021 and Embassy of India, Kathmandu on cons.kathmandu@mea.gov.in.


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, २० माघ, २०८२

| | |
|---|---|
| मेष | सकारात्मक विचार बढ्नेछ । शरिरमा स्फूर्ति छाउनेछ । |
| वृष | आँटेका काम पूरा हुनेछन् । मन उद्विग्न रहन सक्छ । |
| मिथुन | जोश जाँगर बढेर जानेछ । आफन्तको सहयोग प्राप्त होला । |
| कर्कट | परिवारमा खुसीको माहोल छाउनेछ । कार्य क्षेत्रमा प्रशंसा पाइनेछ । |
| सिंह | अचानक धन लाभको स्थिति रहनेछ । मनमा भने अन्जान भयले डेरा जमाउन सक्छ । |
| कन्या | शरिरमा आलस्य छाउनेछ । परिवारको साथ सहयोग प्राप्त हुने योग छ । |
| तुला | नयाँ कामको थालनि हुनेछ । खानपिनमा ध्यान दिनुहोला । |
| वृश्चिक | आध्यात्मिकताको विकास हुनेछ । काममा भने दिलाई हुन सक्छ । |
| धनु | रमाइलो घुमघामको अवसर प्राप्त हुनेछ । व्यापारमा लाभ मिल्नेछ । |
| मकर | शिक्षामा सुधार आउनेछ । स्वास्थ्य प्रबल रहला । |
| कुम्भ | जोश जाँगर बढेर जानेछ । बोल्दाखेरी ध्यान पुऱ्याउनु उचित हुन्छ । |
| मीन | अनावश्यक चिन्ताले सताउनेछ । प्रेम जीवनमा खटपट पर्ने योग छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० माघ, २०८२ (०३ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८८ | १४७.४८ |
| युरो | १ को | १७४.०५ | १७४.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.०७ | २०१.८९ |
| स्विस फ्रैन्क | १ को | १८९.९६ | १९०.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०२.२५ | १०२.६७ |
| क्यानाडियन डलर | १ को | १०७.८७ | १०८.३१ |
| सिङगापुर डलर | १ को | ११५.४४ | ११५.९१ |
| जापानी येन | १० को | ९.४९ | ९.५३ |
| चिनियाँ युआन | १ को | २१.१३ | २१.२१ |
| साउदी अरब रियाल | १ को | ३९.१६ | ३९.३२ |
| कतारी रियाल | १ को | ४०.३० | ४०.४७ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९९ | ४०.१६ |
| मलेसियन रिङेट | १ को | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.१२ | १०.१७ |
| स्विडिस क्रोनर | १ को | १६.४६ | १६.५२ |
| डेनिस क्रोनर | १ को | २३.३१ | २३.४० |
| हङकङ डलर | १ को | १८.८० | १८.८७ |
| कुवेती दिनार | १ को | ४८१.१० | ४८३.०७ |
| बहराइन दिनार | १ को | ३८९.६० | ३९१.१९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आदिवासी ज्ञान सम्मेलनको तयारी




**काठमाडौं (प्रस)–** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले स्थापना भएको २५ वर्ष पूरा भएको अवसरमा रजत जयन्ती मनाउने भएको छ । रजत जयन्तीका अवसर पारेर प्रतिष्ठानले 'नेपाल आदिवासी ज्ञान सम्मेलन-महोत्सव २०८२' समेत आयोजना गर्ने घोषणा गरेको छ ।

प्रतिष्ठानले सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत 'ज्ञानको आदानप्रदान, धरोहरको संरक्षण, भविष्यको निर्माण' भन्ने मूल नाराका साथ रजत जयन्ती मनाउन लागिएको जानकारी दिएको हो । सम्मेलनमा प्रतिष्ठान स्थापनादेखि हालसम्म भएका उपलब्धि, चुनौती र भावी कार्यदिशाबारे समेत जानकारी गराइएको थियो ।

पत्रकार सम्मेलनमा प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले यही माघ २७ गते आदिवासी जनजातिसँग सम्बन्धित १५ विषयगत शीर्षकमा आधारित ८१ अनुसन्धानात्मक कार्यपत्र प्रस्तुत गरिने जानकारी दिए ।

उनका अनुसार ती कार्यपत्रमा आदिवासी जनजातिको भाषा, संस्कृति, मौलिक ज्ञान प्रणाली, परम्परागत सीप, प्राकृतिक स्रोत व्यवस्थापन, शिक्षा, स्वास्थ्य, रोजगारी, लैंगिक समानता, जलवायु परिवर्तन, मानवअधिकार, नीति निर्माण तथा समावेशी विकासका विविध पक्ष समेटिएका छन् ।

उपाध्यक्ष गुरुङले भने, 'आदिवासी जनजातिको मौलिक ज्ञान र अनुभवलाई अभिलेखीकरण गर्दै राष्ट्रिय विकाससँग जोड्नु आजको आवश्यकता हो, रजत जयन्ती तथा ज्ञान सम्मेलनले नीति निर्माण तहसम्म प्रभाव पार्ने अपेक्षा गरेका छौं ।' उक्त सम्मेलन तथा महोत्सवकै अवसरमा प्रतिष्ठानका अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा रजत जयन्तीको औपचारिक समापन कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ ।

रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन-महोत्सवमा नेपालका विभिन्न भू-भागका साथै विदेशबाटसमेत कम्तीमा ८०० भन्दा बढी आदिवासी जनजाति अभियन्ता, अध्येता, विद्वान् व्यक्तित्व, अनुसन्धानकर्ता, युवा तथा विद्यार्थीको सहभागिता रहने अपेक्षा गरिएको छ ।

सहभागीहरूले आदिवासी जनजातिका सवालमा अनुभव आदानप्रदान गर्ने, बहस तथा संवादमार्फत साझा निष्कर्ष निकाल्ने अवसर पाउने आयोजकको विश्वास छ । प्रतिष्ठानले विगत २५ वर्षदेखि आदिवासी जनजातिको पहिचान, अधिकार, सशक्तीकरण, क्षमता विकास तथा समावेशी राज्य निर्माणका क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्दै रजत जयन्तीले संस्थाको भूमिका थप सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ । साथै, सम्मेलनबाट निस्कने सुझाव र निष्कर्ष आगामी नीति, योजना तथा कार्यक्रम निर्माणमा उपयोगी हुने अपेक्षा गरिएको छ ।

# परीक्षा प्रणालीलाई विकेन्द्रीकरण गर्दै त्रिवि

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयले स्थापनाकालदेखि हालसम्म बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालय केन्द्रित रहेको परीक्षा प्रणालीलाई प्रदेशमा विकेन्द्रित गरेको छ ।

विद्यार्थीले वर्षौंदेखि देशका जुनसुकै कुनाबाट परीक्षा दिन पाउनुपर्ने माग गर्दै आएका थिए । पछिल्लो साता विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियनले परीक्षा नियन्त्रण कार्यालयपरिसरमा धर्ना दिएका थिए । त्यसपछि कार्यालय प्रशासनले उनीहरूसँग सहमति गरेको छ ।

परीक्षालाई क्रमशः विकेन्द्रित र सूचना प्रविधिमा आधारित बनाउँदै लैजान यसपटक काठमाडौंमा यही माघ १८ देखि तय भएको तीन वर्षे स्नातक तहको मौका परीक्षालाई माघ २५ गतेदेखि विद्यार्थीको सम्बद्ध प्रदेशमै दिन पाउने व्यवस्था मिलाइएको छ । 'काठमाडौंमा हुने भनिएकोमा परीक्षार्थीहरूलाई पर्ने असुविधा तथा आर्थिक भारलाई मध्यनजर गर्दै पूर्ववत् सूचनाअनुसार हुने भनिएको परीक्षा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयअन्तर्गत न्यूनतम एउटा परीक्षा केन्द्र रहनेगरी २०८२ साल माघ २५ गतेदेखि सञ्चालन हुने,' त्रिविले प्रकाशन गरेको सूचनामा जनाइएको छ । यसअनुसार मानविकी तथा सामाजिकशास्त्र, शिक्षाशास्त्र, व्यवस्थापन संकाय तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका परीक्षार्थीले आंशिक वा मौका परीक्षा दिन पाउने छन् ।

'परीक्षालाई विकेन्द्रित गर्दै लैजान यसो गरेका हौं,' परीक्षा नियन्त्रक लक्ष्मण पौडेलले भने । तीन वर्षे स्नातकजस्तै अन्य परीक्षालाई पनि यथासम्भव प्रदेशबाट गराइने उनले जानकारी दिए । त्रिभुवन विश्वविद्यालयका स्ववियु सभापति दीपकराज जोशीले विद्यार्थीसँग भएको सहमतिअनुरूप परीक्षा प्रणाली सुधारमा ढिलो भइरहेको बताए ।

## परिवर्तन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पुतलाचौर, रोल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## शिलबन्दी बोल पत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :- २०८२/१०/२०**

यस कार्यालयबाट मिति २०८२/०९/०७, ०८ र १४ को सूचना अनुसार रीतपूर्वक पेश हुनआएका शिलबन्दी बोलपत्र का प्रस्तावहरु मध्ये तपसिलमा उल्लेखित शिलबन्दी बोलपत्र दाताको शिलबन्दी बोलपत्र को प्रस्ताव न्युनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भएकोले शिलबन्दी बोलपत्र को प्रस्ताव स्वीकृतको लागि छनौट भएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.N. | Contract No. | Name of Project | Name and address of Firm | Proposed amount including VAT & PS(NRs.) |
|---|---|---|---|---|
| 1 | PRM/W/ NCB/10/2082-083 | 7 nos. of road projects in ward no. 2 & 5 | Mahabir & Bhim Paharahi Construction Nepalgunj 22, Banke | 2430477.92 |
| 2 | PRM/W/ NCB/11/2082-083 | 5 nos. of road projects in ward no. 1 | Smriti Construction Sewa-PRM, 05, Rolpa | 1871126.58 |
| 3 | PRM/W/ NCB/12/2082-083 | 5 nos. of road projects in ward no. 6 | Mahabir & Bhim Paharahi Construction Nepalgunj 22, Banke | 2156477.15 |
| 4 | PRM/W/ NCB/13/2082-083 | Shree Jeebanjyoti Pra. Vi. Kopedhara Bhaban Nirman | Obang Construction & Suppliers, PRM-06, Rolpa | 2661798.39 |
| 5 | PRM/W/ NCB/14/2082-083 | Rakulichaur Tesro Ghumti Hudai Maibang Rural Road Rehibilitation | Smriti Construction Sewa-PRM, 05, Rolpa | 1700064.26 |
| 6 | PRM/W/ NCB/15/2082-083 | Kharibot Swasthya Chauki Tala Thap | Navhin Nirman Sewa, Musikot Municipality-Rukum Western | 2424339.43 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**

## Water Supply and Sewerage Management Office
**Dadeldhura**

## Notice Regarding the Selection of Technical Proposals

**Date of Publication: February 03, 2026**

Under this office, for the following project, during the evaluation of technical proposals submitted through the E-GP system at www.bolpatra.gov.np, the following bids have been found substantially responsive. Therefore, in accordance with Rule 31(h), Sub-rule 5 of the Public Procurement Regulations, 2064, the financial proposals will be opened on the date and at the location mentioned below. This notice is published for the information of all concerned parties.

| Bid Invitation Notice Publication Date | Name of the Project | Substantially Responsive Bidders | Financial Bid Opening Date and Time |
|---|---|---|---|
| September 28 2025 (Sourya National Daily) | [NCB/W/01/2082-83/ WSSMO/Dadeldhura] **Construction of Badikedar Water Supply Project Package-1, Doti** | 1) **Chandika-Binod-Sudurpaschim JV, Dhangadhi, Kailali** (Chandika Drilling and Builders Pvt. Ltd., Dhangadhi-4, Kailali - Binod Nirman Sewa, Dhangadhi-4, Kailali - Sudurpaschim Multipurpose Solution and Services Pvt. Ltd, Kailali JV) | Date: Feb 10, 2026<br>Time: 13:00 Hrs.<br>Place: WSSMO, Dadeldhura Office |
| September 28 2025 (Sourya National Daily) | [NCB/W/02/2082-83/ WSSMO/Dadeldhura] **Construction of Dhanun Kaparta Surnaiya Kada Brihat WSP Package-1, Baitadi** | 1) **Devhari Nirman Sewa, Mahakali-5, Darchula**<br>2) **New Ugratara- Chandika- Sudur paschim JV, Dhangadhi, Kailali** | |
| October 14 2025 (Madhyanha National Daily) | [NCB/W/03/2082-83/ WSSMO/Dadeldhura] **Construction of Budiganga Municipality 1-10 Brihat WSP Package-1, Bajura** | 1) **DDL-SNS-SPMSS JV, Dhangadhi, Kailali** (DDL Engineering and Construction, Kanchanpur-Surpal Nirman Sewa, Kailali-Sudurpaschim Multipurpose Solution and Services Pvt. Ltd, Kailali JV) | |


**साउदीमा रोजगार** कम्पनी : **AL BLOUSHI GENERAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338145 | चलानी नं. ६०२५१६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 7 | 0 | 1000 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**कतारमा रोजगार** कम्पनी : **AL HAIFAA BEAUTY SALOON**

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | पुन विज्ञाप स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 318901 | चलानी नं. ६०२३३०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER (FEMALE) | 0 | 2 | 2200 | ८८,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HENNA | 0 | 2 | 2200 | ८८,६५० | | | | | | | |
| 3. | MANICURIST (FEMALE) | 0 | 4 | 2200 | ८८,६५० | | | | | | | |
| 4. | OFFICE CLEANERS (FEMALE ) | 0 | 2 | 1000 | ४०,३०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७

**साउदीमा रोजगार** कम्पनी : **DISTINGUISHED MIDDLE EAST LTD. CO.**

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338111 | चलानी नं. ६०२५१६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**कतारमा रोजगार** कम्पनी : **RARA FOR TRADING AND ELECTRICAL CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338187 | चलानी नं. ६०२५१६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver All Vehicles | 4 | 0 | 2000 | ८०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 4 | 0 | 2500 | १००,७५० | | | | | | | |
| 3. | Office Cleaner | 3 | 0 | 1000 | ४०,३०० | | | | | | | |
| 4. | Painter Buildings | 2 | 0 | 1200 | ४८,३६० | | | | | | | |
| 5. | Plumber General | 2 | 0 | 1200 | ४८,३६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.** (Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

**साउदीमा रोजगार** कम्पनी : **ABDULLAH SAAD AL-HARTHI COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 337835 | चलानी नं. ६०२५१५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 4 | 0 | 2500 | ९८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **DAR AL MAJD CONSTRUCTION COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338115 | चलानी नं. ६०२५१६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MAHAL FIKRA ESTABLISHMENT FOR WEDDINGS ANDEVENTS**

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338114 | चलानी नं. ६०२५१६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1200 | ४७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.१५००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३७३७११/०८२/०८३

**Globe Asia Air International Overseas Pvt. Ltd**
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np


## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

***प्रकाशित मिति २०८२/१०/२० गते***

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था Lions International Nepal Pvt. Ltd. (ई.प.नं.३४०/०५९/६० को सञ्चालक/सेयरधनीले आफ्नो नाममा कायम रहेको सेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम सेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०६२/१०/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम सेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साबिकका सेयरधनीहरूको नाम र सेयर संख्या | अब कायम हुने सेयरधनीहरूको नाम र सेयर संख्या |
|---|---|
| १. दान बहादुर कार्की ०१ **देखि** ३०००० सम्म | १. दान बहादुर कार्की ०१ **देखि** १०२०० सम्म<br>२ सावित्री कुमारी सुनार १०२०१ **देखि** २०१०० सम्म<br>३. किसान सुनार २०१०१ **देखि** ३०००० सम्म |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्वास्थ्य बिमामा बोझ, सरकारको बदनियत

**लोकप्रिय बन्दै गएको स्वास्थ्य बिमामा सरकारले कडाइ गर्ने भएको छ । फागुन १ बाट स्वास्थ्य बिमा सेवामा बहिरंग (ओपिडी)तर्फ २५ हजार रूपैयाँमात्र रकम दिने सीमा सरकारले तोकेको हो । पहिले अर्कै सर्त देखाउने आफ्नो टार्गेट पूरा भएपछि सबै सर्त लुकाएर आफू अनुकूल गर्ने निजी कम्पनी वा ठगलेझैं सरकारले पनि स्वास्थ्य बिमामा सीमा तोकेको हो ।**

**ओपिडी यस्तो सेवा हो, जुन बिरामीको घरमै बसेर उपचार हुन्छ, अर्थात् यसप्रकारको रोगलाई गम्भीर मानिन्न । यस्तो बिरामीलाई अस्पताल र बिरामीकै मिलेमतोमा 'होल बडी चेकअप' गर्ने, मिलेमतोमा औषधिको पनि धेरै पैसा लिने र विविध विषयमा मिलेमतोमा शुल्क बढी लिएर बिमाको भार बढाएको देखिएको छ । खासमा यसरी मिलेमतोमा पैसा लिनुको मुख्य कारण पनि सरकारी फ्रेममा बिल तयार पारिनु, कागज देखाएपछि पैसा आउनुजस्ता सरकारको कमजोरीकै कारण भएको हो ।**

**सरकारले अहिले कार्यक्रमका लागि राखेको बजेट रित्तिएको भन्दै पैसा निकासा नदिएपछि विभिन्न अस्पताल यो सेवाबाट बाहिरियो । त्रिवि शिक्षण अस्पतालले माघ १ गतेबाट यो सेवा दिन छाडेको छ । विभिन्न अस्पताललाई सरकारले १२ अर्ब रूपैयाँ भुक्तानी स्वास्थ्य बिमाबापत दिनुपर्ने देखिन्छ । स्वास्थ्य बिमा व्यवस्थाअनुसार एक वर्षका लागि तीन हजार ५०० रूपैयाँ बुझाउँदा पाँच जनासम्म सदस्य रहेका परिवारले एक लाख रूपैयाँसम्मको उपचार निःशुल्क गर्न पाउँछन् । पाँच जनाभन्दा बढी सदस्य भएको परिवारले बिमा गर्दा प्रत्येक थप बीमित सदस्यका लागि ७०० रूपैयाँ अतिरिक्त शुल्क लाग्छ ।**

**सरकारले विशेष लक्षित समूहहरूका लागि प्रिमियममा अनुदान प्रदान गरिरहेको छ । ७० वर्ष पुगेका, अति विपन्न, पूर्ण अपांगता भएका, एचआइभी संक्रमित वा गम्भीर कुष्ठरोगबाट ग्रसित मानिसहरूका लागि यो बिमा निःशुल्क दिइने गरिएको छ । ती प्रत्येक व्यक्तिले प्रत्येक वर्ष कम्तीमा एक लाख रूपैयाँको उपचार सुविधा पाउँछन् भने जटिल प्रकृतिका रोगले ग्रसितहरूलाई थप सुविधा दिइन्छ ।**

**यो सेवामा करिब एक करोडभन्दा बढी नागरिक आबद्ध भइसकेको अवस्थामा यसरी सीमा नतोक्दा मनपरि हुन थालेको भन्दै सुधारका लागि यो प्रयास थालेको बताइएको छ । तर सरकारले सीमा तोक्नुभन्दा कागजी मिलेमतोमा कडाइ गर्नुपर्छ । अहिले सरकारी अस्पतालमासमेत सम्पूर्ण शरीर जाँचको नाममा बिरामीमाथि लुट मच्चाइरहेको छ । यही कारण बिमा कार्यक्रम पनि प्रभावित भएको हो । कागजी फ्रेम मिलाएर सरकारी ढाँचा पुऱ्याउनासाथ सबै हुने मिलेमतोका कारण यो कार्यक्रम असफल हुन लागेको हो । त्यसैले सरकारले यस्तो बदनियत रोक्न आवश्यक कदम चाल्नुपर्छ । अनिमात्र बिमा कार्यक्रम सफल हुन्छ ।**

# ताजा जनादेश आजको आवश्यकता



❏ पदम श्रेष्ठ

> "जेन-जी आन्दोलनलाई निष्पक्ष निर्वाचनको माध्यमबाट समयमा नै उपचार नगरे शरीरमा रोगले जरा गाड्छ अवश्य नै तर जनता तावाको माछा भुंग्रोमा परेजस्तै भइरहने छ । अबको राजनीतिक नेतृत्वले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको मन्त्रीमण्डललाई साथ सहयोग भरोसा दिएर आगामी निर्वाचनबाट स्वच्छ जनादेश माग्नुको विकल्प छैन । बहुमतको आडमा वृद्ध नेताहरूले मन्त्री बनेर भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाइरहन्छु भनी दिवा स्वप्न देखिरहने हो भने थुप्रै जेन-जी विद्रोहीहरु जन्मिरहने छन् ।

भर्खरै सप्ताहव्यापी सहिद दिवस मनाइएको छ । चारैतिर नियालेर हेर्ने हो भने भ्रष्टाचारबाट कलंकित सरकार र प्रतिपक्ष भनिने राजनीतिक पार्टीहरू पनि मत्स्य न्यायको सिद्धान्तअनुरूप अगाडि बढिरहेकै कारण उत्पीडित जमातद्वारा जेन-जीको नाउँमा ३७ घण्टे विद्रोह छेडिएको थियो भन्ने प्रमाणित हुन्छ । उत्पीडित जेन-जीलाई के थाहा थियो भने- देशमा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनिएझैं देशभित्रै प्रविधि विकास गरी रोजगार दिन क्रियाशील राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक वैज्ञानिक महाविर पुनले थालेको महाअभियानलाई सहयोग गर्नुको बदला सिण्डिकेटबाट बनेका सरकारहरूले असहयोगमात्र गरिरहेको छ भन्ने कुरा ।

उनलाई आफ्नो जीवनी पुस्तक बेचेर बन्द वीरगञ्ज कृषि औजार कारखाना पुनः सञ्चालन गर्न बाध्य गराएको छ । भ्रष्टाचारीलाई कारबाही गर्नुपर्छ भन्दै राजनीतिमा आएका र टेलिभिजनमार्फत थुप्रै पीडित चेलीहरूको उद्धार गरी राहत दिलाउन सफल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई उल्टै विनाप्रमाण सहकारी ठगको बिल्ला भिडाउने, जेलजेलमा घुमाउँदै राजनीतिक प्रतिसोध लिइरहयो । तर अर्बौं रकम घोटाला गर्ने विभिन्न पुराना पार्टीमा आबद्ध नेता कार्यकर्ताहरूलाई थोरै रकम धरौटीमा छोड्ने कुकृत्य हुन पुग्यो, सिण्डिकेटमा बनेका सरकारहरूबाट ।

दैनिक १८ घण्टाको लोडसेडिङलाई हटाएर व्यापक घाटामा चलिरहेको नेपाल विद्युत् प्राधिकरणलाई अर्बौं रूपैयाँको फाइदा गराउने उज्यालोका नायक कुलमान घिसिङलाई राष्ट्रिय सम्मान दिनुपर्नेमा झनै शून्य नम्बर दिएर विद्युत् प्राधिकरणबाटै दुईपटक हटाउने कुकार्य गरियो । त्यसको विरोध हुँदा जेन-जी युवालाई प्रहरीको लाठी गोलीले दबाइरहयो ।

काठमाडौं महानगरका तत्कालीन मेयर बालेन्द्र (बालेन) शाह, धरान उपमहानगरपालिकाका तत्कालीन मेयर हर्क साम्पाङ, धनगढी उपमहानगरका मेयर गोपी हमाल र आदर्शवादी राजनीतिक पार्टी नेपाल मजदुर किसान पार्टीले थालेको असल कर्मलाई साथ सहयोग र भरोसा दिनुपर्नेमा उल्टै भ्रष्ट सिण्डिकेट सरकारले ताइ न तुइसँग राजावादी कि गणतन्त्रवादी ? केपी वली कि विद्या भण्डारी ? चुच्चे नक्सा कि थेप्चे नक्सा भनी सडक सडकमा नारा जुलुस गराएर जनता भड्काउनेमात्र काममा लागिरहयो । अरु त अरु, जनता भड्काउने काममा देशलाई आफ्नै पुर्ख्यौली सम्पत्ति ठान्ने पूर्वराजा ज्ञानेन्द्रदेखि अपवादलाई छोडेर सबै राजनीतिक पार्टीहरू र १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन गरेर सत्तामा आएको विद्रोही शक्ति माओवादीसमेत भाँडतन्त्रमा सामेल भइरहयो ।

गणतन्त्रले झण्डै पाँच हजार वर्षसम्म राज्य चलाएका १२७ वंशज सामन्ती राजतन्त्रलाई पाखा त लगायो तर निर्मूल नै भने पार्न सकिएको स्थिति थिएन । उल्टै ढुसीरूपी राजतन्त्र, माओवादी, समाजवादी, साम्यवादी, मधेसवादी, जनवादी, आदिवासी जनजातिवादीको नाउँमा भड्काइरहने गरिरहयो । तर मिहेनत गरेर खान पाउने अधिकारको कुनै पनि बाद सिद्धान्तले ग्यारेण्टी गर्न सकेन वा गरेन । मसानबाट उठ्न खोजेको एकल नश्लीय राजतन्त्र र हिन्दूस्तानी पहिचानको हिन्दू राष्ट्रको भूतले तर्साइमात्र रहनुबाहेक कुनै उपादेयता छोडेन ।

राज्यसत्ताको बागडोर सम्हालेका वा पक्ष प्रतिपक्ष भनिएका नेताहरूले श्राद्ध राम्रोसँग गर्न छोडी पितृलाई चढाएको पिण्डो नै खाने हानथाप गर्नुको कारण यस्तो स्थिति आएको हो । माघ १० गते देखि सुरु भएको सप्ताहव्यापी सहिद दिवस काठमाडौं महानगरपालिकाव्यापी रूपमा सीमित रहे पनि सहिदहरूले उठाएका आवाजहरूले सधैं सचेत प्रश्न गरेर के तिमीहरूले वचनबद्धता पूरा गऱ्यौं भनिरहने छ ।

## गणतन्त्र आउनु अघि

हामीले के पनि भुल्नु हुँदैन भने गणतन्त्र, संघीयता, धर्म निरपेक्षता आउनुको मूल कारण तत्कालीन नेकपा माओवादी पार्टीको अगुवाइमा चलेको १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनको आधारमा टेकेर नै हो । माओवादीको नेतृत्वमा गणतन्त्र आउनुअगाडि राज्यसत्तासँग पहुँच बनाएकाहरूको घर खेतमा सित्तैमा काम गरिदिनुपर्थ्यो दलित, आदिवासी जनजातिहरूले । तराईका आदिवासी थारु समुदायले त ठालुका घरमा हरूवाचरुवा, कमैया बस्न किनबेचकै नियति भोग्न बाध्य थिए । दलित शिल्पी समुदायलाई त पशुसरहको व्यवहार गरिन्थ्यो भने महिलाको हालत दासदासीसरह थियो । जसको विरुद्धमा भएको आन्दोलनमा यी समुदायको ठूलो साथ, सहयोग र भरोसा थियो माओवादी जनयुद्धलाई ।

राजा र राणाको पालामा मधेसी, मुसलमान समुदायलाई नेपाली नै मानिँदैन थियो । बुद्ध जन्मस्थल नेपालबाट बौद्ध भिक्षुहरू नै देश निकालामा परेकासम्मको पीडा थियो देशमा । विदेशी धर्मको आरोप खेप्न बाध्य क्रिश्चियन, श्रमजीवी किसान, थारु, कमैया, हरूवा, चरुवा, बधुवा, बाध्यात्मक यौन व्यवसाय अँगाल्न विवस वादी, तेस्रो लिंगी, उत्पीडित मजदुर वर्ग समुदायको प्रत्यक्ष अप्रत्यक्षरूपमा ऐक्यबद्धताले मात्र जनयुद्ध सफल भएको हो ।

जुन आन्दोलनलाई पिछडा वर्ग, भूमिहीन, उत्पीडित, सुकुम्बासीलगायतले आ-आफ्नो कोणबाट साथ सहयोग र भरोसा दिएपछि झण्डै १७ हजार जनाले प्राणको आहूति दिएपछि, लाखौं जनले अपांगता र हजारौं जनले बेपत्ताको नियति भोग्नुपरेको पीडा पार गर्दै झण्डै १०५ वर्षपछि भएको संविधानसभाको निर्वाचनले दोस्रो प्रयासमा संविधान निर्माण सम्पन्न हुन सकेको हो ।

## ब्राह्मणवाद कुनै जात होइन

यहाँ ब्राह्मणवाद भनिरहँदा मात्र खस पहाडी थरका बाहुनलाई मात्र सोच्ने गलत मानसिकता विकास भएको पाइन्छ । वास्तवमा ब्राह्मणवाद सबै जातिभित्र पाइने अमेरिकी साम्राज्यवादको घरेलु नाउँ हो भन्ने तथ्यलाई बुझ्नुपर्ने हुन्छ ।

जनयुद्धले सबै जातीय समुदायमा रहेको ब्राह्मणवादी कूसंस्कारलाई हटाउन चेतनशील बनायो भने तल्लो तहका जनसमुदायलाई जुरुक्कै उठायो । जल, जमिन, जंगल, जडीबुटी, खनिजमा आदिवासीय अग्राधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघलेसमेत आदिवासी आवाजलाई सम्बोधन गर्दै १३ सेप्टेम्बर २००७ मा महासन्धि पारित गऱ्यो । पारित महासन्धिलाई ०६० फागुन १८ गते नेपालको संघीय परिषद्ले पनि अनुमोदन गऱ्यो ।

फलस्वरूप, देशमा गोपालकालदेखि शाहकालसम्मको १२७ वंशीय राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र, हिन्दूस्तानी राष्ट्रिय पहिचान हिन्दू धर्मको ठाउँमा धर्म निरपेक्षता, जातीय तथा धार्मिक, छुवाछुत्जन्य विभेद अन्त्यको घोषणा गर्दै दोस्रो संविधानसभाले समानुपातिक समावेशीय संविधान अति कष्टकाबीच पारित गऱ्यो । यसका लागि १७ हजार नागरिकले शाहदत प्राप्त गरे । लाखौं जनले अपांगता र बेपत्ताको पीडा खेप्नुपऱ्यो । जुन आन्दोलनमा मारिएकाहरूको दोष माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई लगाएर राजावादीहरू पानीमाथिको ओभानो बन्ने दुस्प्रयास गर्ने गरेको पाइन्छ, जुन सत्य होइन ।

राजा, कांग्रेस र एमालेको पनि बेलाबेलामा प्रत्यक्ष शासनसत्ता भएको बेला माओवादी भनिनासाथ सेना, प्रहरी र गाउँका सामन्ती ठालुहरूको चुकडी लगाएर हत्या, हिंसा, बेपत्ता बनाउने कार्य भएको सर्वविदितै छ । जनआन्दोलन दबाउनकै लागि नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा प्रधानमन्त्रीत्वको कार्यकालमा घाँटीको मुल्य तोक्ने सम्मको घोषणा भयो । तर उत्पीडित जनको साथ सहयोग र भरोसामा आन्दोलनको परिणामतः पीडालाई सम्बोधन गर्न जहाँ जसलाई जहाँनेर दुखेको छ, त्यहीँबाट समस्या समाधान गर्दै लानुपर्छ भन्ने मूल लक्ष्यका साथ वर्गीकृत गरियो ।

तर, कार्यान्वयनमा भाइरस पसेपछि जेन-जीको आन्दोलन जनयुद्धताका सामन्तीलाई भाटे कारबाही, शोसकको प्राण हरण, अर्कालाई काम गराई खानेको जमिन लुटेर काम गरी खानेलाई सामूहिक खेती गराउने र लागुपदार्थ दुर्व्यसनी, व्याभिचारीलाई श्रम शिविरलगायतका रचनात्मक काम गर्दा जनजनमा व्यापक भिजेको माओवादी नेतृत्वले जब पहिलो निर्वाचनमा नै दुईतिहाइ बहुमत ल्याएर देशको सबैभन्दा ठूलो राजनीतिक पार्टी भयो । हो, त्यहीबेला जनयुद्धको लासको थुप्रोबाट उठेको माओवादी जनआन्दोलनको नेतृत्व सातभन्दा पनि बढी टुक्रामा विभाजित भयो, गऱ्यो वा गरायो ।

यदि सडकमा हुँदाकै बेलाजस्तै गरी सरकार र सदनमा हुँदा पनि काम गरेर लगेको भए माओवादी सरकारको विकल्प आउन थुप्रै समय लाग्थ्यो, तर काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनिएझैं जनतालाई उपलब्धि दिनेबेलामा आ-आफैं गाली बेइज्जतिमा उत्रने, टुक्रने, आफ्नै नाताकालाई मात्र पद पैसा र राजनीतिमा भित्र्याउने भएपछि फंगस ढुसीरूपी राजतन्त्रले टाउको उठाएकै हो । यी र यस्ता थुप्रै विकृति विसंगति नेतृत्वको सफाया गर्न उर्लेको आकस्मिक विद्रोह हो, जेन-जी आन्दोलन ।

यो जेन-जी आन्दोलनलाई निष्पक्ष निर्वाचनको माध्यमबाट समयमा नै उपचार नगरे शरीरमा रोगले जरा गाड्छ अवश्य नै तर जनता तावाको माछा भुंग्रोमा परेजस्तै भइरहने छ । अबको राजनीतिक नेतृत्वले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको मन्त्रीमण्डललाई साथ सहयोग भरोसा दिएर आगामी निर्वाचनबाट ताजा जनादेश माग्नुको विकल्प छैन । बहुमतको आडमा वृद्ध नेताहरूले मन्त्री बनेर भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाइरहन्छु भनी दिवा स्वप्न देखिरहने हो भने थुप्रै जेन-जी विद्रोहीहरू जन्मिरहने छन् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।




✍ बैकुण्ठ भण्डारी



# म भोट दिन्न !

कान्लेको उकालोबाट एक हुल मानिसहरू माथितिर उक्लँदै छन् । कसैले नेपालको झण्डा बोकेका छन् । कसैले कुन्नि केको झण्डा बोकेर अगाडि बढिरहेका छन् । वर्षौं भइसकेको थियो कान्लेको उकालोबाट मानिसहरू हिँड्न छाडेको !

टारहुँदै ज्यामिरेको खोल्साबाट डाँडाघरसम्म मोटरबाटो बनेकै ३० वर्ष नाघिसकेको छ । त्यसैले पनि कान्लेको ठाडो बाटो उही खेतमा भारी बोकेर आउजाउ गर्नेहरू मात्र सिजनमा फाट्टफुट्ट देखिन्छन् । त्यसमाथि पनि अहिले त डोलदेखि फाँटसम्म सबै जग्गा कारोबारीले घडेरीका लागि प्लटिङ गरिसके ।

पहिले-पहिले पो सबै खेती गर्थे । गोठमा गाईभैंसी हुन्थ्यो । बूढापाका गोठाला जान्थे । केटाकेटी पनि बाख्रा चराउन पुग्थे । समयले कोल्टे यसरी फेऱ्यो कि, ३०-३५ वर्षमा नै ती सबै चिज हराए । गाउँका रैथाने चीजमात्र हराएन । गएको ३० वर्षका गाउँ नै हराएको जस्तो देखिएको छ । विद्यालयबाट विद्यार्थीहरू हराए । युवाहरू पूरै खाली भए । बूढा बा आमाले गाउँको सुरक्षा गरेको जस्तो देखिन्छ । बाआमाको सुरक्षा गर्नुपर्ने बेलामा बाआमाले गाउँको सुरक्षा दिनुपरेको छ ।

सायद फेरि लाहुर पसेकाहरूलाई फागुन १५ देखि महाकुम्भ सुरु हुन्छ होला । रात्रिबसबाट सहर पसेकाहरू फेरि आउँछन् । केही दिन थापाकाजीको पसलमा चहलपहल पनि होला ? बरु विचरा खानेकुरा पो कसरी पुऱ्याउँछन् !

चुनाउका दशौं थरीका मानिसहरू गाउँ छिरेका छन् । घरदैलो गर्दै उम्मेदवारले खुट्टै समाउन थालेका छन् । अहिले चुनाउका लागि खुट्टा समाउनेहरू भोलि जितेर गएपछि बोली पनि फर्काउँदैनन् । ३६ सालको जनमत संग्रहदेखि ७९ सालसम्मको चुनाउमा भोट खसालेका हिरालाल काका यसपालि चुनाउमा भोट खसाल्दिन भन्दै छन् ।

तुलसाको मठ छेउको डिलमा बसेका हिरालाल काकालाई भोट माग्न आउनेहरूले सोध्दै छन्, 'अनि काका, अब त चुनाउ पनि आयो, भोट के मा त ?'

'मेरो भोट मेरो मर्जी ! जे सुकैमा हालौं तिमीलाई के भन्ने हो ?,' काका अलि रिसाएर उत्तर दिए ।

सायद भोट माग्नेहरूले थाहा पाइसके कि हिरालाल काका रिसाए । भोट माग्न गएका हुन्, किन रिसाउँथे र ! रिसाउनै परे चुनाउ जितेर गएपछि रिसाउँलान् । पारिघरे बालकृष्णले सोधे, 'त्यसो होइन नि काका, आफ्नो काका भएर पो सोधेको नि भोट केमा हाल्ने भनेर,' उसले फकाउने पारामा भन्यो ।

काकाले फेरि दोहोऱ्याए, 'मैले भने त मेरो भोट मेरो मर्जी, जे सुकैमा हालौं तिमीहरूलाई केको खसखस ? जाओ तिमरु ।'

बालकृष्णले फेरि प्रयत्न गरे, 'जानी काका, कत्ति भो काकाकोमा नआएको । यही चुनाउको मौकामा काकाको घर आइया छ, काकासँग दुई-चार गफ गरेर जाउँ भनेर नि !' उसले काकाको मन पगाल्ने प्रयास गरिनै रहयो ।

'भयो-भयो । कोही आएर केही पनि हुन्न । तिमरु आए पनि के नआए पनि के ! उही चुनाउमा आउने, भोट हाल्न लगाउने, अनि जितेपछि फर्केर पनि नआउने ! तिमीहरू जस्तालाई किन हाल्नु भोट ?' हिरालाल काकाले भोट हाल्न नजाने संकेत गरेपछि बालकृष्णले सम्झाउने प्रयास गर्दै भने, 'त्यस्तो होइन नि काका । मत भनेको आफ्नो अधिकार हो । त्यही भएर भोट हाल्न त जानैपऱ्यो नि !'

'अधिकार न सधिकार' भोट हालेर अधिकार पाउने भए मैले अहिलेसम्म यस्तो अन्याय खेपेर बस्नु पर्दथ्यो र ? यो सब तिमरुका नेताहरूलाई खरिखाने भाँडो भयो । मुसा बनेर सिंहदरबार छिर्न अनि निस्कने बेलामा हात्ती भएर निस्कने । त्यही भएर पनि म भोट हाल्दिनँ ।

'काकाजत्तिको मान्छेले पनि भोट नहाल्ने भनेर हुन्छ ? ल भन्नुस् त,' सँगै रहेका दिवाकरले भने ।

'हुन्छ नि ? किन हुँदैन । सिंहदबार जलाउन उक्साउने, सिंहदबार जलाउने, भ्रष्टाचार गर्ने र गराउने । ३०औं वर्षसम्म देशलाई कंगाल बनाउने तिमीहरू । अनि तिमीहरूकै सिको गरेर नयाँ बोटलमा पुरानो रक्सी भनेजस्तै गरी ठाउँ-ठाउँ चाहर्दै हिँड्नेहरूलाई किन दिने भोट ? भोट माग्न आउनेहरूले त देशलाई सफल बनाउने योजना देखाऊ । देशबाट विदेश पलाउन भएका युवाहरूलाई गाउँ फर्काऊ । चोरै चोरका अनुहार परेकालाई किन दिने भोट ?'

दिवाकरले फेरि थप्यो, 'अब चोरलाई नदिने काका !' 'कसलाई दिने त ? सञ्जनले टिकटै पाएको छैन । पुरानादेखि नयाँसम्मले चोरै चोरलाई पठाएपछि किन दिने ? सुन चोर पनि चोर, लसुन चोर्ने पनि चोर । त्यही भएर म भोट दिन्न,' काकाले अडान लिए, 'नयाँ पनि चोर, पुराना पनि चोर । कोही देश बेच्ने चोर, कोही देश जलाउने चोर ।'

दिवाकरले सम्झाउने प्रयास गरिरहँदा काका अझ आक्रोशित बन्दै थिए । तर पनि मत माग्न गएका हुन् । मन पगाल्ने प्रयास त किन नगर्नु ? बालकृष्णले फेरि भने, 'ल काका तपाईं देशमा प्रजातन्त्र ल्याउनका लागि त्यत्रो खटिनुभएको मान्छे अनि भोट दिन्न भनेर हुन्छ त ?'

'कुरो तिमीले मनासिबै गरेउ बालकृष्ण, तर प्रजातन्त्र ल्याउनका लागि लडेको म । किन भोट हाल्दिनँ भनेर भनिरको छु ?,' काकाले उल्टै सम्झाउन थाले, 'प्रजातन्त्र ल्याएको यही भ्रष्टाचार गर्न, बेथिति बनाउन, विदेशीले देश रणभूमि बनाउन हो ? अनि नेताका गुलाम बनेर हसप्रसाद बन्न हो ? होइन बाबु होइन । स्वतन्त्रताका लागि हामीले ऊ बेला जेलनेल गरेका हौं ।'

बालकृष्णले थपे, 'त्यही भएर त भनेको नि काका, एक जुगमा एक दिन एक पटक आउँछ भनेर ।' 'ल भैगो, ३६ सालको गीत गाएर ८२ सालसम्म भोट माग्ने काम नगर । म भोट दिन जाने होइन । मलाई कोही पनि मन परेन, 'म भोट दिन्न' भन्नेमा छाप हान्न पाएमात्र जाने हो । पुराना चोर भन्दा भन्दै नयाँ ठग र डाँका भए पनि म जस्ता मान्छेले किन दिने भोट ?'

'सरकारी पदमा बसेर लुट्नेलाई नेता बनाउने ? सुरक्षा निकायमा बसेर देश जोगाउन नसक्नेलाई नेता बनाउने ? स्वास्नी, छोरा, फरिया साइनोमात्र चाहिनेलाई नेता बनाउने ? देशका लागि भन्दा विदेशीका लागि काम गर्नेलाई नेता मान्नुपर्ने ? भयो बाबु भयो, तिमी आफ्नो बाटो लाग, म भोट दिन्न । बरु गएर तिम्रा नेताहरूलाई भन, मतपत्रमै 'म भोट दिन्न'मा छाप लगाउने व्यवस्था गर । त्यत्ति भए म मतदान केन्द्रसम्म पुगेर भए पनि त्यही म भोट दिन्नमा भोट दिएर आउँछु । जाऊ, तिमी मेरो दैलोमा फर्केर पनि नआऊ ।

हिरालाल काकाको कुरा सुनेर भोट माग्न आउने हेरेको हेऱ्यै !

# मतदाता फकाउन घरदैलोमा उम्मेदवार

**ढोरपाटन (बागलुङ)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन मिति नजिकिएसँगै राजनीतिक दलले उम्मेदवारसहित घरदैलो अभियान तीव्र पारेका छन् । फागुन ४ गतेअघि आमसभा तथा खुला कार्यक्रम गर्न नपाउने भएपछि उम्मेदवार मतदाताको घरदैलो कार्यक्रममा छन् । माघ ६ गते उम्मेदवारी दर्ता गरेपछि मतदाता समक्ष पुगेर भोट माग्न उम्मेदवार व्यस्त देखिन्छन् ।

दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा यसपालि २३ जना चुनावी मैदानमा छन् । क्षेत्र नम्बर १ मा ११ र क्षेत्र नम्बरमा २ मा १२ जना उम्मेदवार छन् । उनीहरू सबै दूरदराजका बस्तीदेखि सहर बजारका चोक र गल्लीमा भोट मागीरहेको भेटिन्छन् । निर्वाचन हाँक्न दलले नेतृत्व पनि चयन गरिसकेका छन् । सबै दलले निर्वाचनका लागि सम्पर्क कार्यालय खोलेर नेता कार्यकर्ता परिचालन गरिसकेका छन् । क्षेत्रीय तहमा निर्वाचनका कमाण्डर बनाएर प्रचार अभियान थालिएको हो ।




नेपाली कांग्रेसले क्षेत्र नम्बर १ मा चण्डीप्रसाद शर्माको नेतृत्वमा दुई वटा प्रदेश क्षेत्रका सभापतिसहित पदाधिकारीलाई निर्वाचन परिचालन समितिमा राखेर काम थालिएको छ । नेकपा एमालेले पूर्वसांसद सूर्य पाठकलाई निर्वाचन परिचालनको कमाण्डर बनाएको छ भने राष्ट्रिय जनमोर्चाले तिलक थापा तथा राष्ट्रिय स्वतन्त्र पार्टीले रोशन खड्काको नेतृत्वमा प्रचार अभियान थालेका छन् ।

पहिलो चरणमा निर्वाचनमा होमिएका उम्मेदवारले घरघरमा पुगेर जनतालाई भेट्ने, राजनीतिक प्रशिक्षण गर्ने र आफ्नो दलको उद्देश्य र लक्ष्यबारे बताउन थालेका छन् । निर्वाचन लक्षित गरेर राजनीतिक दलहरूले एक हजार ५०० जनासम्म सदस्य रहेको निर्वाचन परिचालन समिति पनि गठन गरेका छन् ।

निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसले क्षेत्रीय सभापति जोकलाल बुढा, एमालेले विष्णुप्रसाद भुसाल, नेकपाले फमलाल निउरे र रास्वपाले ढालेन्द्र रायमाझीलाई प्रचार संयोजक बनाएका छन् । प्रारम्भिक चरणमा क्षेत्र नम्बर २ मा पनि दलले घरदैलो कार्यक्रम गरिरहेका छन् । उम्मेदवारी दर्तापछि दैनिक विभिन्न दलका नेता तथा उम्मेदवार भोट माग्न आउने गरेको बागलुङ नगरपालिका-७ की सकुन्तला सापकोटले बताइन् ।

सापकोटाले भनिन्, ‘उम्मेदवार धेरै रै‘छन्, दिनदिनै आउँछन् भोट मलाई भन्छन्, हामीहरूले जनताको काम गर्छौ, सुशासन कायम गर्छौ उसैलाई भोट दिन्छौं भनेको छौं, चुनाव आउन अझै एक महिना बढी छ, तर भोट माग्ने आउने नेताहरूको कारण चुनाव आइसकेजस्तो भइरहेको छ ।’

ढोरपाटन नगरपालिका-१ का खगेश्वर खत्रीले भोट माग्ने नेता तथा उम्मेदवारका कारण चुनावी सरगर्मी बढेको बताए । यस क्षेत्रमा १२ जना उम्मेदवार रहेको भन्दै दिनहुँ जसो मत माग्ने आउने गरेको उनको भनाइ छ । *रासस*

# नेपालमा नै पहिलोपटक सालक सम्मेलन

**चितवन–** नेपालमा पहिलोपटक सालक सम्मेलन गरिने भएको छ । बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयको आयोजनामा यही माघ २६ गते सालक सम्मेलन गर्न लागिएको हो ।

डिभिजन वन कार्यालयको संयोजनमा माडीमा सालक सम्मेलन गर्न लागिएको कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले बताए । उनका अनुसार बागमती प्रदेशभित्रका डिभिजन वन कार्यालयका प्रमुख, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज, हरेक जिल्लाका सामुदायिक वनका प्रतिनिधि र संरक्षणकर्मीहरूको सक्रियतामा सालक सम्मेलन गर्न लागिएको हो ।

संरक्षित वन्यजन्तु सालकको अहिलेको अवस्था, संरक्षण गर्नुपर्ने कारण, चुनौतीलगायतका विषयमा सम्मेलनमा छलफल गरिने छ । आचार्यका अनुसार संरक्षणमा हातेमालो गर्ने विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, विज्ञसहित २०० भन्दा बढीको सहभागितामा सालक सम्मेलन गर्न लागिएको हो ।

सम्मेलनमा सालकको अहिलेको अवस्था, संरक्षणमा देखिएका चुनौती र भावी कार्यदिशाका विषयमा छलफल गरिने छ । छलफलसँगै सालक संरक्षणका लागि माडी घोषणापत्र जारी गर्दै सम्मेलन सम्पन्न हुने उनले बताए । सालक किसानको साथी भएकाले पनि यसको संरक्षण अपरिहार्य रहेको उनको भनाइ छ ।



राष्ट्रिय निकुञ्ज ऐन २०२९ ले संरक्षित वन्यजन्तुका रूपमा सालकलाई राखेको र सालक अहिले लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ । यसको संरक्षणका लागि सबैको हातेमालो आवश्यक रहेको उनले बताए ।

बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले नेपालमा पहिलोपटक सालक सम्मेलन गर्न लागिएको जानकारी दिए । उनका अनुसार वन्यजन्तु संरक्षण भन्नेबित्तिकै ठूला वन्यजन्तुहरूलाई प्राथमिकता दिइने गरिएको भए पनि साना वन्यजन्तु पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । उनले भने, ‘ठूला वन्यजन्तुहरू संरक्षणमा धेरैको ध्यान जाने भए पनि प्रदेश सरकारले सालकको संरक्षणका लागि नीति तथा कार्यक्रम नै बनाएर काम अघि बढाइएको छ ।’

आगामी वर्षदेखि नियमितरूपमा सालक संरक्षणका लागि काम गरिने उनले बताए । प्रदेशका सबै डिभिजन वनहरूमा सालक पाइने र यसको संरक्षणले प्रकृतिलाई फाइदा पुग्ने उनको भनाइ छ । केही वर्षपछि सालक हेर्नका लागि बागमती प्रदेश जाउँ भन्ने बनाउनका लागि यो कार्यक्रम महत्त्वपूर्ण रहेको उनले बताए ।

सामुदायिक वन र सालक संरक्षणमा लागेका सबैलाई एकीकृत गर्न यो कार्यक्रम फलदायी हुने छ । स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समितिसँग सालकको बासस्थान, खाने कुरा संरक्षणलाई अभियानका रूपमा अघि बढाइने उनले बताए । सालक मार्नेलाई निकुञ्ज ऐनअनुसार कारबही हुने पनि उनले प्रस्ट पारेका छन् । *रासस*


## साउदीमा रोजगार
कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332853 | चलानी नं. ६०२४६६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ३९,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार
कम्पनी : DIWANIYAT HADHHAL FOUNDATION.

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338117 | चलानी नं. ६०२५१६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | 2500 | ९८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४७,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.१५००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
**POWER EMPLOYMENT PVT.LTD.**
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308, E-mail: poweremployment.np@gmail.com

## साउदीमा रोजगार
कम्पनी : GULF DEVELOPMENT COMPANY FOR INVESTMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338103 | चलानी नं. ६०२५१६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 1000 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver (Light/Heavy) | 5 | 0 | 1800 | ७०,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

## साउदीमा रोजगार
कम्पनी : AL BAYADER TECHNICAL TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338164 | चलानी नं. ६०२५१६६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 12 | 0 | 1800 | ७०,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 1 | 0 | 1500 | ५९,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np
श्रम इजाजत नं. १४००/०७४/०७५

## साउदीमा रोजगार
कम्पनी : SAMA SALALAH CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338018 | चलानी नं. ६०२५१५९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaner | 10 | 0 | 1000 | ३९,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R.B. RECRUITMENT SERVICE PVT. LTD**
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9704524780/9851096571/9801095966, E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np
Govt. License 929/067/68

## जापानमा रोजगारको अवसर
कम्पनी : LINK COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | LT. No. 338074 | चलानी नं. ६०२५१६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Seaweed Collector | 3 | 0 | 186267 | १७८००८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धताको सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७गते (10th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## Tikapur Municipality
# Office of The Municipal Executive
## Tikapur, Kailali
## Sudurpashchim Province, Nepal

# Invitation for Sealed Quotation

**First Date of Publication : 2082/10/20 B.S. (3rd, Feb,2026)**

1. Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/ 51/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From Kodai Pur to Kharak Bahadur Chaudhary to Ambasha Connecting Road.), Tikapur Municipality Ward No.4,Kailali. | 16,78,247.09 | 50000.00 | 1000.00 |
| 2. | TMO/SQ/ 52/WORKS/ 2082/083 | Construction Of Boundary Wall in Shree Janaki Temple, Tikapur Municipality Ward No.4,Kailali | 17,20,433.50 | 50000.00 | 1000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **20th Feb.,2026 before 12:00 hrs.** through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.:- 10703000001001000001**
   **Revenue Heading No:- 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali. Office Account No.:- 10703000003000000001**

**Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).

6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 20th Feb.,2026** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# प्रभाव दैनिक


## रूपशाला

### बल्छीको 'गोबर गणेश'ले कमायो एक करोड ३६ लाख

बल्छी धुर्बे निर्देशित फिल्म 'गोबर गणेश' ले प्रदर्शनको तीन सातामा १ करोड ३६ लाख कमाउन सफल भएको छ । प्रदर्शनको दोस्रो शनिबारसम्म फिल्मको कुल कमाइ एक करोड १४ लाख ३५ हजार नेरू ग्रस रहेको थियो । फिल्मले तेस्रो शनिबारसम्म आफ्नो आम्दानी एक करोड ३६ लाख २० हजार ८६६ पुऱ्याएको छ । यो अवधिमा फिल्मको टिकट भने ४८ हजार ५३ वटा बिक्री भएका छन् । निर्देशक श्रेष्ठकै लगानी र मुख्य भूमिका समेत रहेको फिल्ममा वर्षा शिवाकोटी, पूजन घिमिरे 'पुकु', पदम तामाङ, सीतादेवी तिमल्सिना लगायतको अभिनय छ ।




मंगलबार, २० माघ २०८२ (Tuesday, 03 February 2026)


# सविनले ल्याए राष्ट्रिय गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा मोडल सबिन खड्काको आवाजमा राष्ट्रप्रेमको भाव बोकेको नयाँ राष्ट्रिय गीत 'हामी सबै नेपाली, हाम्रो नेपाल' सार्वजनिक भएको छ । समसामयिक परिस्थिति र राष्ट्रियताको गहिरो अनुभूतिलाई समेटिएको यस गीतले देशप्रतिको माया, एकता र जिम्मेवारीको सन्देश प्रवाह गरेको छ ।

गीतका शब्द स्वयं गायक सबिन खड्काकै हुन् भने संगीत चर्चित गायक तथा सर्जक बैकुण्ठ महतले तयार पारेका हुन् । गायनमा सबिन खड्कासँगै गायिका सुनितामी परियारको मधुर स्वरले गीतलाई थप भावुक र प्रभावशाली बनाएको छ ।

माया-प्रेमका गीतहरूको भीडबीच राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखेर समयसापेक्ष सिर्जना ल्याउनु आफूलाई जिम्मेवारीपूर्ण लागेको गायक खड्काले बताएका छन् । गीतको भिडियोमा नबिना सिलवाल र कमल जिसीको मुख्य अभिनय रहेको छ । साथै गायक मोतिराज खनाल, मिना बेलबासे, आशा ढकाल, स्मारिका खड्का, डिबी पाण्डे, मणि अधिकारी, धुर्व बस्नेत, रोशन घिमिरे, हरि आचार्य, पुष्पा शाह, मुकुन्द घिमिरे, गणेश पाण्डे लगायत थुप्रै कलाकारहरूको सशक्त उपस्थिति भिडियोको अर्को आकर्षण बनेको छ ।

'द म्युजिक इरा' स्टुडियोमा रेकर्ड गरिएको गीतको रेकर्डिङ सुरज भुसालले गरेका हुन् भने मिक्सिङ कृष्ण बाजुरालीले गरेका छन् । भिडियो निर्देशन देवेन्द्र कुवरले गरेका हुन् र सम्पादन राजेश कुमारले गरेका छन् ।

सार्वजनिक भएसँगै गीतले दर्शक तथा श्रोताबाट सकारात्मक प्रतिक्रिया पाइरहेको गायक सबिन खड्काले जानकारी दिएका छन् । राष्ट्रप्रेम र एकताको भाव बोकेको यो गीतले नेपाली संगीत क्षेत्रमा अलग पहिचान बनाउने अपेक्षा गरिएको छ ।




# बोर्डले सार्वजनिक गऱ्यो प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण

**काठमाडौं–** चलचित्र विकास बोर्डले प्रदर्शनरत नेपाली चलचित्रको व्यावसायिक विवरण सार्वजनिक गरेको छ । बोर्डअन्तर्गत रहेको 'सिनेपा २ बक्सअफिस'ले सिनेमा हलमा प्रदर्शनरत नेपाली चलचित्रको शनिबारसम्मको कारोबारसम्बन्धी विवरण सोमबार सार्वजनिक गरेको हो ।

विवरणअनुसार गत पुस ४ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'झरीपछिको इन्द्रेणी' ले घरेलु बक्सअफिसमा उत्साहजनक कमाइ गर्न सकेको छैन । हाँस्य कलाकार अर्जुन घिमिरे 'पाँडे' ले निर्देशन गरेको उक्त चलचित्रले शनिबारसम्म रु एक करोड २८ लाख ५२ हजार ३१९ कमाइ गरेको छ । उक्त चलचित्रका लागि कूल ४० हजार ६२४ वटा टिकट बिक्री भएका छन् ।

भ्रष्टाचार र बेथितिविरुद्धको आवाज चलचित्रमा उठाउन प्रयास गरिएको उक्त चलचित्रमा अभिनेता गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, विमोचन दवाडी, जेसिका पोखरेल, प्रियना आचार्य (मुन्नी), अंशु महर्जन, राजेन्द्र नेपालीलगायत कलाकारले अभिनय गरेका छन् ।

यही माघ १ गतेदेखि माघेसङ्क्रान्तिलाई लक्षित गर्दै प्रदर्शन सुरु गरिएका तीन चलचित्रले पनि उत्साहजनक व्यापार गर्न नसकेको बोर्डद्वारा सार्वजनिक तथ्यांकमा छ । 'बल्छी धुर्वे' का रूपमा टेलीशृङ्खलामा परिचित मरिचमान श्रेष्ठले निर्देशन गर्नुभएको चलचित्र 'गोबर गणेश' ले रु एक करोड ३६ लाख २० हजार ८६६ कमाएको छ ।

निर्देशक श्रेष्ठसँगै वर्षा शिवाकोटी विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानियाँ, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत कलाकारको अभिनय रहेको उक्त चलचित्रको ४८ हजार ५३ वटा टिकट बिक्री भएका छन् ।

माघ १ देखि प्रदर्शन सुरु भएको चलचित्र 'मिरमिरे' ले रु ३३ लाख ९३ हजार ७२५ कमाएको छ । बुबाछोरीबीचको भावनात्मक सम्बन्ध र त्रिकोणात्मक प्रेमकथामा आधारित उक्त चलचित्रमा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलको अभिनय गरेका छन् । यम शेर्पाको निर्देशनमा तयार भएको उक्त चलचित्रको १० हजार ८८४ वटा टिकट बिक्री भएका विवरणमा उल्लेख छ ।

अभिनेता सौगात मल्लले अभिनय गर्नुभएको चलचित्र 'भाइरल गोर्खे' ले सोही अवधिमा रु ३६ लाख १० हजार ९२५ कारोबार गरेको छ । सामाजिक सञ्जालको बढ्दो दबदबाबीच विश्वभर 'भाइरल' बन्ने ध्याउन्नमा रहेकालाई केन्द्रित गर्दै तयार गरिएको उक्त चलचित्र पनि माघ १ गतेदेखि प्रदर्शन भएको थियो । निगम श्रेष्ठले निर्देशन गरेको चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमलालगायतले अभिनय गरेका छन् । उक्त चलचित्रको सो अवधिमा ११ हजार २९८ वटा टिकट बिक्री भएको जनाइएको छ ।

यही माघ ९ गतेदेखि प्रदर्शन भइरहेको नेपाली चलचित्र 'परिवर्तन' ले रु ३१ लाख नौ हजार ९२५ कारोबार गरेको छ । मनोरञ्जनसँगै देश परिवर्तनको विषयलाई उठान गरेको उक्त चलचित्रमा अभिनेता सुशील श्रेष्ठ, अञ्जना बराइली, सरोज खनाल, करिश्मा मानन्धर, बुद्धि तामाङ, हेमन्त बुढाथोकी, सुवास मेचेलगायत कलाकारले अभिनय गरेका छन् ।

दीपक सिवाकोटीले निर्माण गरेको उक्त चलचित्रमा पटकथा तथा संवाद शिवम् अधिकारीले लेख्नुभएको हो । विजय केरुङले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि कूल ११ हजार छ टिकट बिक्री भएका छन् ।

चलचित्र विकास बोर्डले पछिल्लो केही महिनादेखि नेपालमा प्रदर्शन भएका स्वदेशी र विदेशी चलचित्रको व्यावसायिक विवरण हरेक सोमबार सार्वजनिक गर्दै आएको छ । *रासस*

## रंगशाला

### साफ यू-१९ महिला च्याम्पियनसिप

# नेपालले भुटानलाई हरायो



■ प्रभाव संवाददाता

**काठमाडौं–** भुटानलाई पराजित गर्दै नेपालले साफ यु-१९ महिला च्याम्पियनसिपको फाइनल खेल्ने सम्भावना कायम राखेको छ । पोखरा रंगशालामा सोमबार सम्पन्न खेलमा नेपालले भुटानलाई २-१ ले पराजित गरेको हो । नेपालको यो पहिलो जित हो ।

पहिलो खेलमा भारतसँग नेपाल १-० ले पराजित भएको थियो । जितसँगै नेपाल अंक तालिकामा भारतलाई पछि पार्दै दोस्रो स्थानमा उक्लिएको छ ।

यी दुई टोलीको समान २ खेलबाट ३ अंक छ । तर, गोलअन्तरमा नेपाल अगाडि छ । नेपालको गोलअन्तर शून्यमा छ । भारतको भने -१ छ ।

भारतले भने सोमबार नै भएको पहिलो खेलमा साबिक विजेता बंगलादेशसँग २-० को हार बेहोरेको थियो । भुटान भने प्रतियोगिताबाट बाहिरिएको छ । पहिलो खेलमा बंगलादेशसँग भुटान १२-० ले पराजित भएको थियो ।

अब नेपालले अन्तिम खेल बुधबार बंगलादेशसँग खेल्नेछ । भुटानले भने भारतसँग खेल्नेछ । अंक तालिकाका शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् ।

**बंगलादेशसँग भारत पराजित**

पोखरा अन्तरराष्ट्रिय फुटबल रङ्गशालामा सञ्चालन भइरहेको १९ वर्षमुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको आजको पहिलो खेलमा भारतलाई बङ्गलादेशले २-० गोलले पराजित गरेको छ ।

बङ्गलादेशले खेलको पहिलो हाफमा गरेको दुई गोलनै भारतलाई हराउन पर्याप्त रह्यो । खेलको २९ औँ मिनेटमा कप्तान अरपिता विश्वास अरपिताले गोल गरेर अग्रता बनाएकी थिइन् । यसैगरी खेलको ४० औँ मिनेटमा अल्पी अक्तरले बङ्गलादेशका लागि गोल गर्दै अग्रता दोब्बर बनाइन् । पहिलो हाफमा दुई गोलले पछि परेको भारतले खेलमा फर्कन प्रयास गरेपनि सफल हुन सकेन । दुई खेलमा जित हासिल गरेपछि बङ्गलादेश जारी प्रतियोगिताको अंक तलिकामा शीर्ष स्थानमा रहेको छ । बङ्गलादेशले ६ अंक जोड्दा समान खेल खेलको भारत तीन अंकसहित दोस्रो स्थानमा छ ।

### राष्ट्रिय लिग

# दुवै खेल बराबरीमा



**काठमाडौं (प्रस)–** राष्ट्रिय लिगमा सोमबारका दुवै खेल बराबरीमा टुंगिएको छ ।

सोमबार सम्पन्न खेललमा सातदोबाटो युथ क्लबलाई राष्ट्रिय लिगमा चित्लाङ फुटबल क्लबले बराबरीमा रोकेको छ भने अर्को खेलमा मच्छिन्द्र फुटबल क्लबले लालीगुराँस एसोसिएसनसँग बराबरी खेलेको छ ।

सादोबाटोस्थित एन्फा कम्प्लेक्समा सम्पन्न खेलमा सादोबाटो र चित्लाङ फुटबल क्लबले गोलरहित बराबरी खेल्दै अंक बाँडेका हुन् । लिगमा सादोबाटोले चार खेलमा ५ अंक जोडेको छ भने समान खेलमा चितेलाङको पनि समान ५ अंक रहेको छ ।

खेलको २१ औं मिनेट चित्लाङका लाहान सुब्बा पताङ्वाले पहेंलो कार्ड पाए । २२औं मिनेटमा सादोबाटोका समीर तामाङले गरेको प्रहारले लक्ष्य लिन सकेन । ३३औं मिनेटमा सादोबाटोका बोबिर्शोह सोबिरोवले प्रहार गरेका बलले गति लिन सकेन ।

४७औं मिनेटमा सादोबाटोका जगजित श्रेष्ठको क्रसमा फोडे फोफानाको हेडर गोल पोष्टको माथिबाट बाहिरियो । ७३औं मिनेटमा मिनेटमा सादोबाटोको फोडे फोफानाको पासमा जगजितले फितलो प्रहार गरेपछि गोल हुन सकेन । दुवै हाफमा राम्रो अवसर निर्माण भएपनि दुबै टोलीले गोल गर्नबाट चुके । खेलको निर्धारित समय र इन्जुरी समयमा दुवै टोलीले गोल गर्न नसकेपछि खेल बराबरीमा टुङ्गिएको हो ।

त्यस्तै अर्को खेलमा मच्छिन्द्र फुटबल क्लबले राष्ट्रिय लिगमा लालीगुराँस एसोसिएसनसँग बराबरी खेलेको छ । लिगमा मच्छिन्द्रले ५ खेलमा १२ अंक जोडेको छ । लालीगुराँसको समान खेलमा ११ अंक रहेको छ ।


**युएइमा रोजगार** कम्पनी : MUHAMMAD BILAL MIR CLEANING SERVICES AND BUILDINGS MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ LT. No. 338178 चलानी नं. ६०२५१६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 3 | 0 | 1500 | ६०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 3 | 0 | 1500 | ६०,४०५ | | | | | | | |
| 3 | Steel Fixer | 3 | 0 | 1500 | ६०,४०५ | | | | | | | |
| 4 | Stone Mason | 3 | 0 | 1500 | ६०,४०५ | | | | | | | |
| 5 | Welder | 3 | 0 | 1500 | ६०,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २७ गते (10th Feb. 2026) मा हुनेछ ।

